Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI : https://doi.org/10.3126/anweshan.v3i1.81979
Research Article
ISSN: 3021-9035 Print

# वैज्ञानिक समाजवाद र संस्कृति

प्रा.डा. श्रीधर गौतम
bhurtung@yahoo.com

## लेखसार

पुँजीवादी व्यवस्थाले सामन्तवादको जरालाई उखेलेर उदारवादी प्रजातन्त्र ल्याउनु प्रगतिशील घटना भए पनि यसको आफ्नै वर्गीय सङ्कीर्ण स्वार्थका कारणले गर्दा विज्ञान र प्रविधिले ल्याएको क्रान्तिपछि उत्पन्न परिस्थितिमा पनि संसारभरमै बहुसङ्ख्यक जनता आधारभूत आवश्यकताबाट वञ्चित भएका छन्। यही तथ्यको विश्लेषण गरेर मार्क्स र एङ्गेल्स अहिलेसम्मको इतिहास हुनेखाने वर्ग र हुँदा खाने वर्गको सङ्घर्षको गाथा भएको निष्कर्षमा पुगे। उनीहरूले प्रतिपादन गरेको साम्यवादी घोषणापत्रले वर्गीय व्यवस्थाको अन्त्य गरेर मात्र विद्यमान सामाजिक, आर्थिक असमानता हटाउन सकिन्छ भन्ने देखाएको छ। यो लेखमा विद्यमान सामाजिक र आर्थिक संरचना भत्काउन किन आवश्यक छ र त्यसपछि आउने व्यवस्था के कस्तो रूपमा भिन्न हुनेछ भन्ने कुरा देखाउने प्रयत्न गरिएको छ। शीर्षकले अङ्कित गरेअनुरूप यो लेख वैज्ञानिक समाजवाद र त्यसअन्तर्गतको संस्कृतिको सीमाभित्र रहनेछ र यसमा मार्क्सवादका अन्य बृहत् पक्षहरू समावेश हुने छैनन्। राजनीतिक अधिकार प्राप्त भए पनि सामाजिक असमानता र आर्थिक विषमता रहँदासम्म किन शोषित वर्गले मुक्ति पाउन सक्दैन भन्ने प्रश्नले यसको समाधान के कसरी गर्न सकिन्छ भन्ने कुरा देखाउने कोसिस गरिएको छ। समाजवादी क्रान्तिपछिको सङ्क्रमणकाल पार गर्दै साम्यवादी चरणमा मात्र अहिलेको समाजका समस्या समाधान हुनेछन्; नयाँ आउने समाजको संस्कृति जनसंस्कृति हुनेछ; सबै सांस्कृतिक सङ्घसंस्था र ऐतिहासिक धरोहर आमजनताको पहुँचमा हुनेछन्, तिनीहरू पूर्ण रूपमा जनताको सेवामा प्रयोग गरिने विचारलाई लेखको निचोडका रूपमा देखाइएको छ। लेखको निष्कर्षले आम पाठकको सामाजिक चेतनालाई माथि उठाउन मदत पुग्नेछ भन्ने अभिलाशा लिइएको छ।

## शब्दकुञ्जी

वर्गसङ्घर्ष, द्वन्द्वात्मक भौतिकवाद, श्रमको अतिरिक्त मूल्य, सङ्क्रमणकाल।

## विषय प्रवेश

प्रस्तुत लेख लेख्नुको पछाडि ज्ञानविज्ञानले यति धेरै फड्को मार्दा पनि मानिसले मानिसको शोषण गर्ने पपिाटी किन अन्त्य हुन सकेको छैन भन्ने प्रश्नबाट प्रेरित छ। हाम्रा सामाजिक र आर्थिक संरचना के कस्तो प्रकारले जिम्मेवार छन् ? कसरी यी असमान संरचनालाई भत्काउन सकिन्छ भन्ने प्रश्नको उत्तर खोज्नु लेखको प्रमुख उद्देश्य रहेको छ। यी प्रश्नको उत्तर पाउन मार्क्स र एङ्गेल्सले प्रतिपादन गरेको साम्यवादी घोषणापत्र तथा मार्क्सवादलाई माथि उठाउन लेनिनले पुऱ्याएको योगदान, खासगरी उनको साम्राज्यवाद पुँजीवादको उच्चतम स्वरूप हो र अहिलेको साम्राज्यवादी युगको पतन अवश्यम्भावी छ भन्ने भनाइलाई मुख्य आधार बनाइएको छ। लेनिनले मार्क्सवादको सृजनात्मक विकास गरेर तत्कालीन सोभियत सङ्घमा सामाजिक क्रान्तिलाई सफल तुल्याएर देखाएको हुँदा पनि पुँजीवादी व्यवस्था अजेय छैन र मानिसको उच्च चेतनाको बलमा सर्वहारा वर्गको नेतृत्वमा समाजवादी क्रान्ति सम्भव छ भन्ने तर्क

अगाडि सारिएको छ।

मानिसका स्वभाव, संस्कार र बानीव्यहोरा सामाजिक र आर्थिक अवस्थाबाट प्रेरित हुन्छन्। विद्यमान सामाजिक आर्थिक सम्बन्धमा परिवर्तन आएपछि अहिलेको समाजमा रहेको उत्पादन र उत्पादक शक्तिका बिचको सम्बन्धमा पनि अन्तर आउनेछ र व्यक्तिगत सम्पत्तिको ठाउँमा सामूहिक मालिकत्वको अवधारणा स्थापित हुनेछ भन्ने अर्को मुख्य तार्किक आधार रहेको छ। यसप्रकारले व्यक्तिगत सम्पत्तिको व्यवस्था परिवर्तन भएपछि समाजको सांस्कृतिक रूपान्तरण हुनेछ र त्यसपछिको कला, साहित्य र संस्कृति हुनेखाने वर्गको सेवा र स्तुति गर्नमा प्रयोग नभई आम जनताको सेवामा प्रयोग हुनेछ भन्ने मान्यतालाई लेखले अगाडि बढाएको छ। समाजवादअन्तर्गतको संस्कृति र राजनीति एकअर्कामा पूरक हुनेछन् र जनताले अहिलेसम्म नपाएका अवसर प्राप्त गरी आफ्नो शारीरिक र मानसिक क्षमताको उच्चतम वृद्धि गर्ने मौका पाउनेछन् भन्ने कुरालाई लेखले मुख्य उपलब्धिको रूपमा देखाउने प्रयत्न गरेको छ। यहाँ समाजवादलाई साम्यवादतर्फ उन्मुख हुँदै गरेको व्यवस्थाको रूपमा लिइएको छ। साम्यवाद समाजवादको जगमा रहेर नै विकसित हुन्छ। त्यसैले समाजवाद र साम्यवाद स्थापित गर्ने साधन तथा तरिकामा पनि अन्तर हुन्छ। समाजवाद सामाजिक क्रान्तिको परिणामस्वरूप स्थापित हुन्छ। जस्तो– पूर्व सोभियत सङ्घमा भएको थियो। यसको अर्थ विद्यमान आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक जगहरूमा ठुलो उथलपुथलपछि मात्र समाजवादको स्थापना हुन्छ। साम्यवाद सामाजिक अर्थव्यवस्था र सामाजिक सम्बन्धको सुधारपछि समाजवादकै गर्भबाट विकसित हुन्छ। साम्यवाद एकै चोटी स्थापित हुने नभई क्रमशः विकसित हुँदै जान्छ।

## *अध्ययनविधि*

मार्क्सवाद–लेनिनवाद प्रमुख रूपमा एउटा विज्ञान हो। यो केही मूलभूत सैद्धान्तिक अभिधारणहरूमा आधारित छ। अन्य विज्ञानमा जस्तै मार्क्सवादी–लेनिनवादी सिद्धान्त परीक्षण र प्रमाणित गर्न सकिन्छ। त्यसैले गुणात्मक विधिमा आधारित रहेर समाजवादी सामाजिक व्यवस्थामा सङ्क्रमणका लागि आवश्यक पर्ने आर्थिक तथा सामाजिक अवस्थाहरू कुन कुन हुन् र कसरी तिनको विकास भएपछि समाजवादी समाजको स्थिति उत्पन्न हुन्छ भन्ने बारेमा लेखरचनाहरूको विश्लेषण गरिएको छ। प्राथमिक स्रोतको रूपमा मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओका भनाइहरू लिइएको छ भने द्वितीय स्रोतको रूपमा मार्क्सवादले देखाएको समाजवादका बारेमा विभिन्न देशीविदेशी विद्वान्हरूले व्यक्त गरेका टिप्पणीहरूबाट स्रोत सङ्कलन गरिएको छ। प्राप्त तथ्यहरूको मूलतः विश्लेषणात्मक र व्याख्यात्मक विधिका माध्यमबाट लेखको मुख्य तर्कलाई पुष्टि गर्न खोजिएको छ।

## *पुँजीवादका कमजोरी*

आज मानव जातिले प्राकृतिक स्रोतसाधनमाथि प्राप्त गरेको शक्ति र आधुनिक ज्ञानविज्ञानले ल्याएको प्राविधिक र औद्योगिक क्रान्तिले गर्दा संसारभरिकै सबै मानिसका भौतिक आवश्यकता परिपूर्ति गर्ने र सबैले आत्मसम्मान तथा स्वतन्त्रतापूर्वक बाच्न पाउने अवस्थामा मानव जाति पुगेको छ। यस्तो हुँदाहुँदै पनि आज प्राकृतिक स्रोतसाधनको न त उचित प्रयोग भएको छ, न सबैले विज्ञानको उपलब्धि उपभोग गर्न पाएका छन्। आज पनि बहुसङ्ख्यक जनता अशिक्षा, गरिबी, कुस्वास्थ्य र बेरोजगारीजस्ता समस्याले ग्रसित छन्।

संसारका विभिन्न भागमा अल्पसङ्ख्यक पुँजीपति वर्ग र साम्राज्यवादी शक्तिको स्वार्थपूर्ति गर्न धर्म, सम्प्रदाय र जातिको नाममा युद्ध थोपरिएका छन्। लगभग एक दर्जन देशसँग आणविक हतियार छन् र साम्राज्यवादी शक्तिका बिचको अन्तरविरोधको कारणले कुनै पनि बेला आणविक युद्ध भई मानव जातिको अस्तित्व नै समाप्त हुने खतरा बढेर गएको छ। एकातिर, अरबौँ रुपियाँ खर्च गरेर विध्वंसात्मक हतियार बनाउने होडबाजी चलेको छ भने अर्कोतिर, एसिया, अफ्रिका र ल्याटिन अमेरिका आदि देशमा करोडौँको सङ्ख्यामा मानिस भोकमरीबाट ज्यान गुमाइरहेका छन्। प्रश्न उब्जिन्छ, यस्तो विरोधाभासपूर्ण स्थिति कसरी उत्पन्न भयो ? यसको मूल कारण भनेको

अहिलेको संसारमा विद्यमान त्रुटिपूर्ण सामाजिक, आर्थिक र राजनीतिक संरचना हो, जसअन्तर्गत एउटा वर्गले अर्को वर्गलाई शोषण र थिचोमिचोमा पारेको छ।

सीमित सङ्ख्यामा पुँजीपति वर्गको सुखसयलका लागि बहुसङ्ख्यक जनतालाई आधारभूत आवश्यकताबाट वञ्चित गरिएको छ। यही शोषणमूलक व्यवस्थाका कारणले करोडौँको सङ्ख्यामा जनता नारकीय जीवन बिताउन बाध्य भएका छन्। जबसम्म वर्तमान व्यवस्था समाप्त गरिँदैन, त्यतिसम्म प्राकृतिक स्रोतसाधन र औद्योगिक क्रान्तिले सम्भव बनाएका उपलब्धि सर्वसुलभ बनाउन सकिँदैन।

## *समाजवाद नै किन ?*

वैज्ञानिक समाजवाद पुँजीवादलाई समाप्त गर्ने साधन र तरिकाहरूको विज्ञान हो र नयाँ साम्यवादी समाजको निर्माण गर्ने नियमहरूको आधार हो। यसैको आधारमा नै मानिसको सर्वाङ्गीण विकास गर्ने आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाहरू विकसित हुन्छन्। यो यस्तो विज्ञान हो, जसले निश्चित उद्देश्यसहित सामाजिक प्रक्रियालाई नियन्त्रित गर्छ र मानवको हितमा साम्यवादी समाजको निर्माण गर्छ। मार्क्सवादजस्तै वैज्ञानिक समाजवाद निरन्तर विकसित हुँदै जाने एउटा रचनात्मक विज्ञान हो। पुँजीवादी समाजवमा व्यक्तिगत सम्पत्तिको वृद्धिले गर्दा मानव समुदाय हुनेखाने र हुँदा खानेको रूपमा विभाजित हुन्छ। यसप्रकारको समाजमा श्रमको विभाजनले गर्दा श्रमको उत्पादकत्वमा वृद्धि भए पनि श्रमको शोषण पनि उत्तिकै हुन्छ। एउटा श्रमिकले आफूलाई चाहिनेभन्दा वा आफूलाई मिल्ने प्रतिफलभन्दा धेरै नै बढी उत्पादन गर्छ तर उसले आर्जन गरेको अतिरिक्त श्रमको मूल्य उसले नपाएर उत्पादन नगर्ने व्यक्तिहरूले उत्पादनका साधनहरूमाथि भएको स्वामित्वको कारणले गर्दा पाउँछन् र वास्तविक श्रमिक सधैँ शोषणमा पर्दछन्। यसरी श्रमिकको अतिरिक्त श्रमको फाइदा उठाएर शोषकहरू काम नगरी बाँच्न पाउँछन्। ऐतिहासिक भौतिकवादी अवधारणासँग जोडिएको वैज्ञानिक समाजवादअन्तर्गत श्रमिकको अतिरिक्त श्रम वा मूल्यको शोषण हुने परिपाटीको अन्त्य हुन्छ। मार्क्सवादको यही शक्तिले गर्दा वैज्ञानिक समाजवाद पुँजीवादभन्दा उन्नत व्यवस्था मानिएको हो। मार्क्सले लेखेको 'पुँजी' को पहिलो भागमा दासतामा आधारित श्रम र मजदुरीमा आधारित श्रम दुवैमा अतिरिक्त श्रमको मूल्य वास्तविक उत्पादकले नपाएर काम नगरी खाने मालिकले पाउँछन् भन्ने कुरालाई वैज्ञानिक ढङ्गबाट देखाइएको छ।

पुरानो शोषणमूलक व्यवस्था अन्त्य गरी वैज्ञानिक समाजवादी क्रान्ति गरेपछि मात्र एउटा सभ्य र स्वस्थ समतामूलक समाजको उदय हुनेछ। त्यही उन्नत दर्शन बोकेको व्यवस्थालाई नै वैज्ञानिक समाजवाद भनिन्छ भन्ने कुरालाई रसियन लेखक यसरी प्रस्ट्याउँछन्– यो पुँजीवाद समाप्त पार्ने साधन र पद्धतिको विज्ञान हो। यसले साम्यवादी समाज निर्माणमा आवश्यक पर्ने आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको विकास गर्छ र मानिसको सर्वाङ्गीण विकासको मार्गप्रशस्त गर्छ। यो साम्यवादी समाजको विज्ञान हो र यसले मानव जातिको हितमा आवश्यक पर्ने सामाजिक प्रक्रियालाई उद्देश्यपूर्ण रूपमा अगाडि बढाउँछ (आफनास्येभ, सन् १९७७, पृ. ८१)। आफनास्येभले भनेझैँ समाजवाद साम्यवादमा पुग्नुभन्दाको अघिल्लो अवस्था हो र यस्तो वैज्ञानिक समाजवादमा आफ्नै निश्चित नियम हुन्छन्, जसअन्तर्गत सामूहिक रूपमा औद्योगिक उत्पादन र कृषिजन्य उत्पादन आम जनताको उपभोगका लागि उपलब्ध हुन्छन् र पुँजीवादी समाजमा जस्तै जनता मुट्ठीभर व्यक्तिको एकाधिकार वा आधिपत्यमा रहँदैनन्। मार्क्सवाद–लेनिनवाद सर्वप्रथम विज्ञान हो र सबै विज्ञानजस्तै यसको व्यावहारिक निष्कर्ष केही मूलभूत धारणामाथि आधारित हुन्छ र त्यसलाई जाँच्न र प्रमाणित गर्न सकिन्छ। मार्क्सवाद–लेनिनवादले बताउँछ– समाजवादी सामाजिक अवस्थामा सङ्क्रमण काल हो र यसअन्तर्गत साम्यवादका लागि आवश्यक आर्थिक र राजनीतिक अवस्था आविर्भाव हुन्छ। मार्क्स तथा लेनिनको सिद्धान्तको यो नै आधारशिला हो। उदाहरणका लागि तलको भनाइलाई लिन सकिन्छ– समाजवाद सपना देख्नेहरूको कल्पना नभएर आधुनिक समाजमा उत्पादक शक्तिहरूको विकासको अन्तिम लक्ष्य

तथा आवश्यक परिणाम हो (लेनिन, सन् १९८६, पृ. १०)। लेनिनको भनाइले देखाउँछ– समाजवादी क्रान्ति हुन सक्छ तथा त्यसको विजयको सुनिश्चितताको पछाडि औद्योगिक मजदुर वर्गको पछाडि रहेको जनशक्ति हुन्छ।

पुँजीवादी अर्थव्यवस्थामा अनेकौँ कमीकमजोरी हुने हुभएकाले पुँजीवाद क्रमशः धरासायी हुँदै जान्छ। यस्तो समाजमा सिद्धान्त र सामाजिक व्यवहारको बिचमा कुनै तालमेल हुँदैन । यसका विपरीत समाजवादी व्यवस्थामा सिद्धान्त र व्यवहारमा एकता र सामञ्जस्यता हुने हुँदा पुँजीवादी व्यवस्थाको तुलनामा समाजवाद उच्च प्रकारको दर्शन हो भन्ने कुरालाई एक जना भारतीय विद्वान्ले यसरी बुझाउने प्रयत्न गरेका छन्– समाजवादी समाजमा रचनात्मक कार्यक्रमअन्तर्गत लोकहितका लागि इमानदारीपूर्वक प्रयोग गरिन्छ । समाजवादी विचारधारा व्यापक हुन्छ र यसको कार्यक्रमले मानव जीवनको प्रत्येक पक्षलाई परिवर्तन गर्ने प्रयास गर्दछ (सिन्हा, सन् १९७३, पृ. ७) । वास्तवमा पुँजीवादी समाजमा शासकको कथनी र करनीमा फरक हुन्छ र चर्काचर्का भाषण गरेर उनीहरू जनतालाई ढाँटछल गरेर पुँजीपति वर्गको सेवा गर्दछन् भने समाजवादमा सत्य तथ्य कुरालाई जनसमक्ष राखिन्छ र जे भनिन्छ, त्यो व्यवहारमा लागु गरेर देखाइन्छ।

समाजवादी समाजमा उत्पादक शक्तिको पर्याप्त विकास हुन्छ र मानिसका बिचमा समाजवादी चेतना पनि प्रबल भएको हुन्छ। पुँजीवादी समाजमा भन्दा समाजवादी समाजमा उत्पादक शक्तिहरू दशौँ गुणाले बढेर जान्छ । यसै कुरालाई यसरी पुष्टि गरिएको छ– कम्युनिस्ट (अर्थात् समाजवादी) समाजको उच्च चरणमा जब व्यक्तिलाई श्रमविभाजनको दास बनाउने स्थिति र त्यससँगै मानसिक र शारीरिक श्रममाझको विरोध बिलाइसकेको हुन्छ; जब श्रम जीविकाको साधन मात्र होइन बरु जीवनको प्राथमिक आवश्यकता बनिसकेको हुन्छ । जब व्यक्तिको सर्वाङ्गीण विकाससँगै उत्पादक शक्तिको पनि वृद्धि भइसकेको हुन्छ अनि मात्र पुँजीवादी अधिकारको साँघुरो घेरालाई पूरै नाघ्न सकिनेछ तथा समाजले आफ्नो ध्वजामा हरेकबाट उसको सामर्थ्य र उसको आवश्यकताअनुसारको सिद्धान्त कुँद्न सकिनेछ (स्टालिन, २०४७, पृ. २७) । स्टालिनले भनेअनुसार समाजवादी समाजमा सामाजिक उत्पादनका माध्यमबाट समाजको प्रत्येक सदस्यलाई यस्तो जीवन उपलब्ध हुन्छ कि उसका सबै भौतिक आवश्यकताको पूर्ति हुन जान्छ।त्यसैले पुँजीवादी समाजमा जस्तो एकातिर करोडौँ जनता सधैँ अभाव र गरिबीमा बाँच्नुपर्ने र अर्कोतिर, मुख्य वर्गका मानिसले स्वर्णिम जीवन बिताउने स्थितिको सधैँको लागि अन्त्य हुन्छ। स्टालिनले समाजवादको उच्च चरणमा हरेकलाई उसको सामर्थ्यअनुसार काम लिने तथा हरेकलाई उसको आवश्यकताअनुसार प्रतिफल दिने कुरा गरेका छन्। तर समाजवादी सङ्क्रमणकालमा भने सबैबाट उसको सामर्थ्यअनुसार काम लिने र हरेकलाई उसको कामअनुसार प्रतिफल दिने नियम लागु गरिन्छ । जसले सक्ने भएर पनि काम गर्दैन, उसले खान पनि पर्दैन भन्ने कुरालाई समाजवादी चरणमा व्यवहारमा लागु गरिन्छ।

यसबाहेक प्रत्येक व्यक्तिको शारीरिक र मानसिक शक्तिको पनि विकास गर्ने अवसर उपलब्ध हुन्छ। वैज्ञानिक समाजवादको यही पक्षमाथि यसरी प्रकाश पारिएको छ– उत्पादनका साधनमा समाजको अधिकार कायम भएकाले वस्तु उत्पादन र उत्पादनमाथि उत्पत्तिको प्रभुत्वको अन्त हुन पुग्छ । सामाजिक उत्पादनमा अराजकताको स्थानमा एउटा निश्चित र व्यवस्थित सङ्गठन कायम हुन्छ। व्यक्तिगत जीवनका लागि सङ्घर्ष विलुप्त हुन्छ । तब एक अर्थमा मनुष्य पहिलोपटक बाँकी प्राणी जगत्भन्दा अलग हुन पुग्छ र जीवनको सम्पूर्ण पाशविक अवस्थाबाट बाहिर निस्केर यथार्थ रूपमा मानवीय अवस्थामा प्रवेश गर्दछ (एङ्गेल्स, सन् १९७९, पृ. ८२) । समाजवादी समाजमा पुँजीवादी समाजमा जस्तो व्यक्तिगत स्वार्थको लागि कमजोर वर्गको शोषण गर्ने र लुट्ने प्रवृत्तिको पूर्ण रूपमा अन्त्य हुने हुनाले नै मानिसको जीवनमा आमूल परिवर्तन हुन जान्छ।

त्यसैगरी पुँजीवादी व्यवस्थाको अन्त्य भई वैज्ञानिक समाजवादी व्यवस्था स्थापना भएपछिको अवस्था कस्तो हुन्छ भन्ने सम्बन्धमा एक जना भारतीय विद्वान्को भनाइ यस्तो रहेको छ– मार्क्सवादी मान्यताअनुसार सर्वहारा अधिनायकत्वको कारणबाट जुन वर्गविहीन समाज स्थापना

हुनेछ, त्यसमा प्रत्येक व्यक्तिको जीविकोपार्जनको एउटै मात्र आधार हुनेछ र त्यो आधार हो– उसको श्रम। त्यो बेलाको आर्थिक व्यवस्था नै यस्तो हुनेछ; जसमा नागरिकको नाफामा मात्रै जीवित व्यक्तिका लागि कुनै स्थान हँदैन। उत्पादनका साधनमाथि व्यक्तिको होइन, समाजको अधिकार हुनेछ। एक व्यक्तिद्वारा अर्काको शोषण पूर्ण रूपले अन्त्य हुनेछ (वर्मा, २०५८, पृ. ६४)। वर्माको भनाइले समाजवादको स्थापना भएपछि व्यक्तिगत सम्पत्तिको ठाउँ सामूहिक स्वामित्वले लिनेछ र आजसम्मका उत्पादनका साधनको एकाधिकारको माध्यमबाट प्राप्त भएको पुँजीपति वर्गले श्रमिकको शोषण गरी व्यक्तिगत फाइदा कमाउने स्थिति को अन्त्य हुनेछ भन्ने देखाउँछ।

मार्क्स तथा एङ्गेल्सले प्रतिपादन गरेको वैज्ञानिक समाजवाद समाज विकासका नियम र वर्गसङ्घर्षको नियम बुझाइमाथि आधारित छ। त्यसैले उनीहरू यो कुरा देखाउन सफल भए कि कामदार वर्गलाई ऐतिहासिक अभिभाराको ज्ञान दिलाएर समाजवादी व्यवस्था स्थापना गर्न सकिन्छ। मार्क्स तथा एङ्गेल्सको यो ठुलो योगदानको चर्चा गर्दै नारायणप्रसाद आचार्य (२०७३) लेख्छन्– मार्क्स र एङ्गेल्सले हेगेली द्वन्द्ववादमा प्रत्ययवादी रोगको शल्योपचार गरे र फायरबाखको भौतिकवादबाट अधिनायकवादी बिमारीको भूत झारिदिए। यसरी हेगेल र फायरबाखमा रहेका ठिक कुरालाई ग्रहण गर्दै र मानव समाजका सम्पूर्ण ज्ञानको प्रामाणिक निचोड निकाल्दै उनीहरूले द्वन्द्वात्मक भौतिकवादी दर्शनको आविष्कार गरे (आचार्य, २०७३, पृ. २५०)। मार्क्सवादको उच्च योगदान भनेको द्वन्द्वात्मक भौतिकवाद हो तथा यसै आधारमा यसअघिका दार्शनिकले देखाउन नसकेका कुराहरू मार्क्स र एङ्गेल्सले देखाएका हुन्। आचार्यको अभिव्यक्तिबाट मार्क्स तथा एङ्गेल्सको यही योगदानलाई औल्याइएको छ।

## *काल्पनिक समाजवादको प्रादुर्भाव*

वैज्ञानिक समाजवादको अवधारणा शून्यताबाट उत्पन्न भएको होइन। विगतमा कैयौँ विचारक र दार्शनिकहरूले सुधारवादी विचारलाई अघि सारेका थिए। यस सम्बन्धमा कृष्णदास श्रेष्ठले भनेका छन्– मार्क्सवादी सिद्धान्तको उद्‌गम सामाजिक विचार वा मानव सभ्यताको विकासको मूल धारबाट छुट्टै रूपमा शुद्ध, आफ्नै आधारमा आएको भन्नु वा ठान्नु अवश्य पनि गलत र पूरै अवैज्ञानिक तथा अयथार्थवादी हुन्छ बरु त्यसको उल्टो मार्क्सवाद मानव जातिको वैचारिक विकासको एक उच्चतर चरण हो। मानवीय विचारको विकासको निरन्तरतामा एउटा महत्त्वपूर्ण खुड्किलो हो (श्रेष्ठ, २०४२, पृ. ५)। हजारौँ वर्षदेखि मानवतावादको बारेमा कैयौँ दार्शनिक र धार्मिक गुरुले पनि विचार व्यक्त गरेका थिए। तर ती ठोस परिस्थितिको ठोस विश्लेषण गरेर आएका विचार थिएनन्। मार्क्स र एङ्गेल्सले सबै काल्पनिक समाजवादी विचारलाई विकसित गरेर व्यवहारमा लागु हुन सक्ने वैज्ञानिक समाजवादलाई जन्म दिएका हुन्।

यसबाट के थाहा हुन्छ भने वैज्ञानिक समाजवादको स्थापना सहजै हुने कुरा होइन। यो एउटा लामो र जटिल प्रक्रियाबाट अघि बढ्छ। वस्तुगत र आत्मगत अवस्थाका नियम निर्णायक हुन्छन् र एउटा वर्गको अर्को वर्गसँगको सङ्घर्षले गति लिँदै जान्छ। पुँजीवादले तीव्र विकास र प्रविधिलाई गति दिए तापनि त्यसअन्तर्गत मानिसबाट मानिसको शोषण हुने स्थिति हटाउन नसक्ने हुँदा संसारमा विभिन्न देशमा किसान, खानी मजदुर र आमजनताले विद्यमान व्यवस्थाको विरोधमा धर्ना, प्रदर्शन र विरोधका कार्यक्रम ल्याउनुपर्‍यो। तिनै घटनाबाट उत्पन्न भएको अनुभवको आधारमा कतिपय चिन्तकले काल्पनिक समाजवादको चित्रलाई आआफ्ना कृतिमा स्थान दिए।

## *काल्पनिक समाजवादी चिन्तक*

उदाहरणका लागि चौधौँ शताब्दीमा युरोपका दार्शनिक थोमस मोरले यो कुरा बुझेका थिए– जबसम्म व्यक्तिगत सम्पत्ति राख्न पाउने व्यवस्था हुन्छ, त्योबेलासम्म सामाजिक न्याय र समानता कायम हुन सक्दैन। उनले व्यक्तिगत सम्पत्ति राख्न नपाउने कुराको वकालत गरे। त्यसैगरी फ्रान्सेली चिन्तकहरू जान मेलेर, गोबरियल बोनेट डे मेवली र पछि उन्नाइसौँ शताब्दीमा क्लेड हेनरी सेन्टले

यस्तै काल्पनिक समाजवादी विचार ल्याए। त्यसैगरी सत्रौँ शताब्दीमा ब्रिटिस चिन्तक रोबर्ट ओवेन तथा उन्नाइसौँ शताब्दीका रसियन दार्शनिक निकोलाई चेर्निसेभस्कीजस्ता चिन्तकले पनि काल्पनिक समाजवादी विचार राख्थे। यसरी काल्पनिक समाजवादीले कतिपय सामाजिक समस्यालाई उजागर गरे र निजी सम्पत्तिको ठाउँमा सामूहिक स्वामित्वको अवधारणा तथा एउटा सिङ्गो योजनाबद्ध अर्थव्यवस्थाको परिकल्पना गरे ।

उनीहरूको योगदानको चर्चा गर्दै भारतीय साम्यवादी नेताले भनेका छन्– मार्क्सभन्दा पहिले पनि कैयौँ दार्शनिक र महापुरुषले मानव कल्याणका लागि एउटा उन्नत समाजको कल्पना गरेका थिए। यी सबैलाई हामी काल्पनिक समाजवादी भन्छौँ। किनकि यिनको सामाजिक सम्बन्धको जानकारी र सामाजिक विकासका नियम ज्ञानमाथि आधारित थिएन बरु मानवताको भलाइका लागि सुनौलो सपना मात्रै थिए। यसैले मार्क्सवादी समाजवादलाई वैज्ञानिक समाजवाद भन्न सकिन्छ। किनकि यसको आधार पुँजीवादी समाजका बारेमा र यसको विकासको नियमको ज्ञानमा राखिएको छ (सुरजित, सन् १९९०, पृ. ३६)। सुरजितले भनेझैँ विगतमा मानवजातिको मुक्तिका लागि उन्नत समाजको कामना गर्ने व्यक्ति थिए। उदाहरणका लागि सुकरात, बुद्ध, प्लेटो तथा कवीरजस्ता व्यक्तिलाई लिन सकिन्छ र उनीहरूका विचार सुनौलो सपनामा आधारित हुँदा व्यवहारमा परिणत हुन सकेनन् ।

काल्पनिक समाजवादका बारेमा लेनिनको पनि सकारात्मक धारणा थियो । उनी भन्दथे–विज्ञानको राम्ररी विकास नभइसकेको अवस्थामा उनीहरूले सही ढङ्गले भौतिकवादलाई अगाडि बढाउन सकेनन् तर उनीहरू तीक्ष्ण बुद्धि भएका प्रतिभाशाली थिए । उनीहरूको सम्बन्धमा तलको भनाइले प्रस्ट पार्छ– काल्पनिक समाजवादीले धेरै उच्च क्षमताको प्रदर्शन गर्दै असङ्ख्य चिजको परिकल्पना गरे र अहिले हामी ती विचारको उपादेयतालाई वैज्ञानिक ढङ्गले प्रमाणित गरेका छौँ (लेनिन, सन् १९८४, पृ. ३७)। लेनिनले भनेका छन्– काल्पनिक समाजवादी चिन्तक विलक्षण प्रतिभा भएका र साहसी व्यक्ति थिए र तिनका विचारले पछि देखा परेका दार्शनिकलाई खासगरी मार्क्स र एङ्गेल्सलाई पनि चिजको वैज्ञानिक विश्लेषण गर्न मद्दत पुगेको थियो। मार्क्स र एङ्गेल्सले विकास गरेका वैज्ञानिक समाजवादी सिद्धान्तको चर्चा गर्दै लेनिनले यो विज्ञानको आधारशिला भएकाले यसलाई समाजवादीले सबै क्षेत्रमा विकास गर्दै जानुपर्छ भनेका छन्। उनले बताएअनुसार यो कुनै जडसूत्र नभएर वस्तुगत परिस्थितिअनुरूप विकसित हुँदै जाने कुरा हो ।

## *मार्क्सवादमा कला र साहित्य*

कला, साहित्यमा यथार्थ चित्रणको परम्परा मार्क्सभन्दा पूर्वका केही विचारकमा रहेको तथ्य यसरी औंल्याइएको छ– व्यक्तिगत जीवनको क्षेत्रमा सामन्तवादी व्यवस्थाका विरुद्ध जुभ्दा जेलको यातना भोग्नु परे पनि आफ्नो मान्यताका लागि प्राणदान गर्न पनि पछि नसर्ने क्रान्तिकारी योद्धा चेर्निसेभस्की मार्क्सवादी दृष्टिमा पनि महान् हस्ती, विद्वान् र आलोचक देखा पर्छन् (गौतम, २०४९, पृ.१७)। वैज्ञानिक समाजवादअन्तर्गतको प्रगतिवादी साहित्यलाई परिमार्जन अथवा विकसित गर्न मार्क्सपूर्वका सुधारवादी साहित्यिक चिन्तकहरूको ठुलो योगदान रहेको कुरालाई गौतमको भनाइले देखाउँछ ।

माओत्सेतुङले मार्क्सअघिका भौतिकवादीको योगदानको चर्चा गरेका छन्। उनले उनीहरूको प्रतिभाको प्रशंसा गर्दै उनीहरूका कमीलाई यसरी औंल्याएका छन्– मार्क्सभन्दा अघिका भौतिकवादले ज्ञानको समस्यालाई मानिसको सामाजिक प्रकृतिभन्दा छुट्टै राखेर र मानिसको ऐतिहासिक विकासभन्दा अलग्ग राखेर हेऱ्यो । त्यसले सामाजिक व्यवहारमा ज्ञानको निर्भरतालाई अर्थात् उत्पादन र वर्गसङ्घर्षमा ज्ञानको निर्भरतालाई बुझ्न सकेन । मुख्य कुरा, मार्क्सवादीहरू उत्पादनमा मानिसको गतिविधिलाई सबैभन्दा मुख्य व्यावहारिक गतिविधि, उसका सबै गतिविधिलाई निश्चित गर्ने तत्त्व ठान्छन् (माओ, सन् २००३, पृ. ७) । माओत्सेतुङले पनि लेनिनले जस्तै मार्क्सपूर्वका भौतिकवादीहरूको प्रशंसा गरेका छन् र उनीहरूले ज्ञानको समस्यालाई सामाजिक प्रवृत्तिभन्दा अलग राखेर हेर्ने दृष्टिकोणमा रहेको कमजोरीलाई पनि औंल्याएका छन् ।

## *काल्पनिक समाजवादको चिरफार*

काल्पनिक समाजवादीले उठाएका विचारको चिरफार गर्दै कार्ल मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादको सिद्धान्तलाई पहिलोपटक अगाडि ल्याए। यस सम्बन्धमा मार्क्सको यो भनाइ उल्लेखनीय छ– दार्शनिकले संसारको व्याख्या विभिन्न रूपमा गरेका छन्, मुख्य कुरा यसलाई परिवर्तन गर्नु हो।

त्यसैगरी, कम्युनिस्ट पार्टीको घोषणापत्रमा लेखिएको छ– अहिलेसम्म सञ्चालित सबै आन्दोलन अल्पमतका आन्दोलन थिए। अल्पमतको हितका लागि भएका थिए। सर्वहारा आन्दोलन विशाल बहुमतको हितका लागि ठुलो बहुमतको स्वतन्त्र आन्दोलन हो। सर्वहारा वर्ग आधुनिक समाजको सबैभन्दा तल्लो तह हो। उसले आफूभन्दा माथ्लो तहमा रहेका सम्पूर्ण सत्तारूढ समाजका तत्त्वलाई हावामा नउडाइकन माथि उठ्न, जिउ सोझ्याउन सक्दैन (मार्क्स र एङ्गेल्स, सन् १९७९, पृ. ४४)। मार्क्स र एङ्गेल्सले उल्लेख गरेझैँ आजसम्मका सबै आन्दोलनमा माथिल्लो तहमा अथवा सत्ताधारी व्यक्तिले सफलता प्राप्त गरेपछि सम्पूर्ण समाजलाई आफ्नो शोषण पद्धतिको जाँतोमा पिस्नका लागि अनुकूल वातावरण बनाउने काम गरे तर वैज्ञानिक समाजवादमा व्यक्तिगत सम्पत्तिलाई सुरक्षित र सुदृढ बनाउने सबै कुराको अन्त्य हुन्छ। यस सम्बन्धमा तलको भनाइ उल्लेखनीय छ– एक सिद्धान्तको रूपमा समाजवादले आधुनिक आर्थिक सम्बन्धमा त्यत्ति नै गहिरो जरा गाडेको छ, जसरी सर्वहाराको वर्गसङ्घर्षले जरा फिँजाएको हुन्छ। यो वर्गसङ्घर्षजस्तै पुँजीवादले फैलाएको व्यापक गरिबी र निर्धनताको विरुद्ध गरिने सङ्घर्षबाट उत्पन्न हुन्छ तर समाजवाद र वर्गसङ्घर्ष एकसाथ पैदा हुन्छन्। एउटाबाट अर्कोको प्रादुर्भाव हुने होइन, प्रत्येक बेग्लाबेग्लै अवस्थामा हुन्छ (लेनिन, सन् १९८४, पृ. ४५)। पुँजीपति वर्गले स्वेच्छाले अथवा उदार दिल देखाएर आफूले खडा गरेको शोषणमूलक समाजको अन्त्य हुन दिँदैननन्। त्यसको लागि श्रमिक शोषित वर्गले वर्गसङ्घर्षको हतियारबाट नै पुँजीवादी व्यवस्था समाप्त पारी समाजवादी व्यवस्थाको स्थापना गर्न सक्छ। त्यसैले लेनिनले वर्गसङ्घर्ष र समाजवादलाई एकअर्काबाट अलग बनाउन नसकिने बताएका छन्।

पुँजीवादी व्यवस्थाले सर्वसाधारण मानिसमा रहेका प्रतिभालाई कुण्ठित गरी उनीहरूलाई समान अवसरको अधिकारबाट वञ्चित गर्दै कसरी सधैँ गरिबीमा राख्छ भन्ने कुरालाई एक जना भारतीय विद्वान्ले यसरी राखेका छन्– पुँजीवादको भयङ्कर परिणाम धेरैभन्दा धेरै व्यक्तिलाई दरिद्रतामा राख्नु पनि हो। हामी यस्ता कैयौँ युवालाई देख्छौँ; जसमा उत्तम प्रतिभा हुन्छ। यदि उनीहरूलाई अवसर मिल्छ भने राम्रा गणितज्ञ, वैज्ञानिक, कलाकार बन्न सक्छन्, तर उनीहरूको बाबुआमासित धन छैन, जसले गर्दा उनीहरूले आफ्नै सन्तानको रुचि र योग्यताअनुसार आवश्यक शिक्षा दिन सकुन्। अर्कोतर्फ प्रतिभाहीन धनी सन्तानलाई पढाउन–लेखाउन हजारौँलाखौँ रुपियाँ बर्बाद गरिन्छ (सांकृत्यायन, सन्१९८५, पृ. २९)। पुँजीवादी समाजमा विज्ञान र प्रविधिले उपलब्ध गराएका साधन र स्रोतहरू मुट्ठीभर व्यक्तिको नियन्त्रणमा हुन्छ र गरिब निमुखा व्यक्तिहरू उच्च प्रतिभा हुँदाहुँदै पनि तिनको विकास गर्ने अवसरबाट वञ्चित भई सधैँ अभाव र गरिबीमा बाँच्नुपर्ने बाध्यतामा हुन्छन् भन्ने कुरालाई अहिलेको सामाजिक, आर्थिक व्यवस्थाले पनि प्रस्ट्याएको छ।

मार्क्स र एङ्गेल्सले प्रतिपादन गरेको समाजवादी सिद्धान्तले पहिलेका भौतिकवादी दार्शनिकले उठाएको अवधारणालाई क्रान्तिकारी रूपमा परिमार्जन गरेकाले नै यो समाज परिवर्तन गर्नका लागि सक्षम हतियारका रूपमा लिइएको हो। यही तथ्य प्रस्ट पार्ने सिलसिलामा बताइएको छ– मार्क्सको परिभाषाअनुसार विश्वलाई बदल्ने भन्नुको अर्थ विश्वसम्बन्धी सत्य जानेको अर्थात् विश्वमा हुने घटना र प्रक्रियाको नियमबारे जानेको ज्ञान प्रयोग गरेर विश्वलाई आफ्नो फाइदाका लागि अर्थात् मानव हितका निम्ति बदल्नु हो। ती नियम प्रयोग र अवलोकनबाट जान्न सकिन्छ (श्रेष्ठ, सन्१९६८, पृ.१९)। श्रेष्ठले देखाएझैँ मार्क्स र एङ्गेल्सले प्रतिपादन गरेको समाजवादी सिद्धान्त उनीहरूभन्दा पूर्वका दार्शनिकले उठाएका अवधारणाभन्दा अत्यन्तै क्रान्तिकारी प्रकारका थिए र ती समाज परिवर्तन गर्न सक्षम हतियार भए।

काल्पनिक समाजवादको ठिक विपरीत वैज्ञानिक समाजवादी व्यवस्था सर्वहारा वर्गको क्रान्तिकारी नेतृत्वमा स्थापित हुन्छ। पुँजीवादलाई हराएर आउने नयाँ समाजवादी व्यवस्थामा यदि सर्वहारा वर्गको अधिनायकत्व रहेन भने हिजो पराजित भएका पुँजीपति र तिनका मतियारहरूले आफ्नो गुमेको संसार पुनः प्राप्त गर्न अनेकौँ षड्यन्त्र गर्न सक्छन् र समाजवादी क्रान्ति असफल बनाउन सक्छन्। त्यसैले सङ्क्रमण कालमा वैचारिक लडाइँ तीव्र रूपमा चल्छ र सैद्धान्तिक सवालमा कुनै सानो गल्तीले पनि ठुलो नोक्सानी हुन सक्छ। उदाहरणका लागि पूर्व सोभियत सङ्घ समाजवादबाट साम्यवादी दिशामा विकसित भएको थियो र स्टालिनले साम्यवादको सुदृढीकरणमा ठुलो भूमिका खेले। यति हुँदाहुँदै पनि वैचारिक सङ्घर्ष अर्थात् वर्गसङ्घर्षलाई निरन्तरता दिनुपर्ने सवालमा केही कमी रहेकाले हिजोका पुँजीपति शक्तिहरूले चलखेल गर्ने मौका पाए र पछि तिनै छद्मभेषी व्यक्तिहरूको कारणले गर्दा स्टालिनको मृत्युपछि संशोधनवादीहरूले साम्यवादका मूलभूत सिद्धान्तलाई परित्याग गरी संशोधनवादी समाजवाद ल्याउन सफल भए।

## *समाजवादी संस्कृतिबारे*

साहित्य मानवको रचनात्मक गतिविधिको धरोहर हो। प्रगतिशील संस्कृतिले क्रान्तिका समयमा दार्शनिक उत्प्रेरणा बढाउँदछ। समाजवादअन्तर्गत संस्कृति एउटा सक्रिय शक्तिको रूपमा देखा पर्दछ र व्यक्तिको बौद्धिक धरातललाई माथि लैजान्छ। बुर्जुवा शासनप्रणालीको ठिक विपरीत समाजवादी संस्कृतिले समाजवादलाई रूपान्तरण गर्छ र मानव र प्रकृतिबिचको सम्बन्धलाई नयाँ आयाम दिन्छ। यस्तो संस्कृतिले वैज्ञानिक विश्वदृष्टिकोण बनाउन मद्दत गर्छ र साम्यवादी सामाजिक चेतना जगाउँछ। यसले अन्तर्राष्ट्रियतावाद र मानवतावादलाई उत्प्रेरित गर्छ। एङ्गेल्सले भनेका छन्– समाजवादपूर्वको अवस्थामा धेरैले थोरैको सुखका लागि काम गर्ने परिपाटी हुन्छ भने साम्यवादी व्यवस्थामा सामाजिक र आर्थिक असमानताको अन्त्य हुन्छ। त्यसैगरी गोर्कीका अनुसार मानिसहरू उत्पादनको शक्ति मात्र नभएर उनीहरू बौद्धिक मूल्यमान्यताका स्रोत पनि हुन्। उनका अनुसार एउटा साधारण मानिस दार्शनिक र कवि पनि हो।

पुँजीवादी समाजलाई समाजवादी समाजले प्रतिस्थापन गरेपछि सर्वहारा वर्गले पुरानो बुर्जुवा संस्कृतिको ठाउँमा समाजवादी संस्कृतिलाई व्यवहारमा ल्याउँदा यसरी पुरानो पुँजीवादी संस्कृतिलाई परित्याग गर्ने क्रममा सम्पूर्ण रूपमा पुँजीवादी संस्कृतिलाई नत्यागी खराब पक्ष मात्र छोड्ने काम हुन्छ। यसबारे एउटा भनाइ अर्थपूर्ण छ– तिमीहरू कम्युनिस्ट त्यतिबेला बन्न सक्छौ, जबकि मानवजातिद्वारा सृर्जित ज्ञानको समस्त भण्डारले आफ्नो मस्तिष्कलाई सम्पन्न बनाउछौँ (लेनिन, सन्१९६७, पृ.१२)। यसको अर्थ पुँजीवादभित्रको असल सांस्कृतिक पक्षलाई निरन्तरता दिइन्छ। समाजवादी समाजमा सांस्कृतिक धरोहरलाई संरक्षण मात्र नगरी त्यसभन्दा माथि उठी विगतको सांस्कृतिक उपलब्धिलाई अझै उन्नत बनाइन्छ। समाजवादअन्तर्गत हुने सांस्कृतिक क्रान्तिले जनताको संस्कृतिलाई बढावा दिन्छ। कला, साहित्य र विज्ञानका उपलब्धिलाई जनताका सम्पत्तिमा परिणत गरिन्छ तथा जनताको सांस्कृतिक, शैक्षिक स्तरलाई माथि उठाइन्छ, जसले गर्दा आम जनताका प्रतिभा र क्षमता प्रस्फुटित हुँदै जान्छन्।

पुँजीवादी समाज जतिसुकै विकसित भए पनि कमजोर वर्गका मानिस विज्ञानका उपलब्धि उपभोग गर्नबाट वञ्चित हुन्छन्। शासक वर्गको एकाधिकार प्रवृत्तिले गर्दा श्रमिक वर्गको मानसिक र शारीरिक विकास अत्यन्तै न्यून हुन्छ र उनीहरूलाई उत्पादनका साधनको रूपमा जेनतेन बाँच्न सक्ने अवस्थामा छाडिएको हुन्छ।

समाजवादी व्यवस्थाअन्तर्गत नाचघर, म्युजियम, सिनेमा रेडियो, प्रेसलगायत सबै सांस्कृतिक संस्थानलाई राष्ट्रियकरण गरेर तिनलाई जनताको सेवामा लगाइन्छ। यसभित्र आवश्यक पर्ने शैक्षिक तालिम दिने प्राविधिक शिक्षालाई बढावा दिने र विद्यालय, कलेज र विश्वविद्यालय आम जनताको पहुँचमा पुऱ्याएर अहिलेसम्म प्राप्त नभएका अवसर प्रदान गरिन्छ। आम जनताको सांस्कृतिक र प्राविधिक शिक्षाको स्तर बढाइन्छ। पूर्व सोभियत सङ्घमा

अक्टोबर क्रान्तिपछि सर्वहाराको नेतृत्वमा बहुसङ्ख्यक जनता शिक्षित हुँदै गरेको र तुलनात्मक रूपमा पिछडिएको देश भए तापनि छोटो समयमा नै जनताको सांस्कृतिक र शैक्षिकस्तरलाई माथि पुऱ्याइएको थियो ।

## *पुँजीवादी समाजमा सिनेमा, धर्म र भाग्यवाद*

पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्थाभित्रको सांस्कृतिक अन्तरको सम्बन्धमा 'हिन्दी फिल्में' शीर्षकको आफ्नो किताबमा भारतीय विद्वान् लेख्छन्– जुन समाजमा हामी रहन्छौँ, त्यसको सञ्चालन मुट्ठीभर मानिसको नाफा विस्तारको लागि हुन्छ । त्यसैले यो उपभोक्ता संस्कृति हामीलाई विज्ञापनद्वारा विलासिताका वस्तु किन्नका लागि प्रेरित गरिरहन्छ र फिल्मले हाम्रो खल्तीबाट पैसा निकाल्न प्रभावशाली भूमिका खेल्दछ । हामी जीवनमा मानवीय मूल्यको सन्दर्भमा गहिराइमा पुगेर हेर्नुको सट्टा बाहिरी चमकदमकमा नै हराउँछौँ । फेरि हाम्रो जीवनको लक्ष्य यी भौतिक वस्तु प्राप्त गर्नेमा नै निश्चित हुन पुग्छ । हामी विस्तारै विस्तारै मानवीय संवेदनाहरू प्रेम, सहयोग, त्याग आदिबाट शून्य हुँदै जान्छौँ । यस्तो स्थितिमा समाज र त्यसका समस्यालाई बुझ्नु हाम्रा लागि सम्भव हुँदैन (सव्यसाँची, सन् १९८४, पृ. १८) । पुँजीवादी समाजको संस्कृतिले अनेकौँ विकृतिलाई जन्म दिन्छ र मानवीय मूल्य अन्त्य गरिदिन्छ अर्थात् मानव संवेदनारहित, व्यक्तिवादी, उपभोक्तावादी र अवसरवादी प्राणीका रूपमा रहन्छ भन्ने कुरा व्यवहारले सिद्ध गरिसकेको छ ।

पुँजीवादी समाजमा विद्यमान संस्कृतिले मानिसलाई धर्मभीरु र अन्धविश्वासी बनाएको हुन्छ । धर्मजीवी अर्थात् पण्डित, पुजारी, मौलवी, पादरी आदिको समूह जमिन्दार तथा पुँजीपतिसँग मिलेर श्रमिकको शोषण गर्नमा शासक वर्गलाई सघाउँदछन् । यिनै पुँजीवादी विकृतिप्रति प्रकाश पार्दै अर्का भारतीय विद्वान् लेख्छन्– आजभोलि मानिसहरू यति निकम्मा भएका छन् कि उनीहरू गलत प्रवृत्तिका कारण खोजेर त्यसलाई हटाउनमा परिश्रम गर्दैनन् बरु यो भनेर चुप बस्छन् कि ईश्वरले यही चाहेको थियो वा भाग्यमा यस्तै लेखेको थियो (गोकुलजी, सन् १९७९, पृ. ५) ।

गोकुलजीले भनेजस्तै हामी पुँजीवादी समाजमा धर्म र ईश्वरको नाममा अनेकौँ पाखण्डपूर्ण कार्य भएको देख्दछौँ । मानिस अन्धविश्वासी भएर अनेकौँ कुसंस्कार अपनाइरहेका हुन्छन् र आफ्नो वास्तविक शत्रु चिनिरहेका हुँदैनन् ।

यसको ठिक विपरीत समाजवादी समाजमा जीवनको यथार्थता देखाउने र निराशा, भाग्यवाद र अन्धविश्वासजस्ता प्रवृत्तिलाई निरुत्साहित गरिन्छ । समाजवादी संस्कृतिको विशेषताका बारेमा एक जना विद्वान् लेखक लेख्दछन्– सामाजिक जीवनमा सङ्घर्षका बाटा हामीले भनेजस्ता सरल र सुगम हुँदैनन् । धेरै यातना, सङ्घर्ष र टेढामेढा बाटो भएर सङ्घर्षलाई गति दिनुपर्ने हुन्छ । विजयको विन्दुमा पुग्ने क्रममा कतिपल्ट हारमा ढिस्कामा पनि ठोक्किनुपर्ने हुन्छ । फेरि मान्छेभित्र पनि आत्मगत र वस्तुगत कमजोरी पनि हुन्छन् तर पनि मान्छे हार र असफलताबाट शिक्षा लिँदै अगाडि बढ्छ । अझ साहस बटुलेर तयारीमा लाग्छ । आफ्नो शक्ति कमजोर भएको अवस्थामा असफल हुनु वा हार्नु अयथार्थ होइन । तर जीवनप्रति आशावादी धारणा राख्ने मान्छे यो हारबाट आत्तिएर कुना पस्दैन वा कसैको मृत्युबाट हतोत्साही भएर निराशा र पलायनको शरणमा जाँदैन । यस्तो हार वा मृत्युबाट कुना पस्ने प्रवृत्तिसित मार्क्सवादी संस्कृति र सौन्दर्यशास्त्रले सम्झौता गर्दैन (बराल, २०५२, पृ. ६०) । लेखक बरालले देखाएजस्तै समाजवादअन्तर्गत मानिसहरू सामाजिक जीवनमा नियम बुझ्न सक्ने हुन्छन् र सस्तो मनोरञ्जनका साधनबाट प्रभावित नभई आफ्नो संस्कारलाई परिष्कृत गर्दै लैजान्छन् र जीवनमा आइपर्ने सबै कठिनाइ र सङ्घर्षलाई सहज रूपमा लिई अगाडि बढ्छन् तर कहिल्यै निराशा र हीनताबोध गर्दैनन् ।

## *संस्कृति र राजनीतिको बिचमा तालमेल*

वैज्ञानिक समाजवादी व्यवस्थामा राजनीति र संस्कृति एकअर्कासँग घुलमिल भएका हुन्छन् । हजारौँ वर्षदेखि समाजमा रहेका कुसंस्कार र स्वभावलाई कुनै ठाउँ हुँदैन । आममानिस सर्वहाराको सङ्घर्षबाट अलग रहन सक्तैनन् । पुँजीवादी समाजमा बुर्जुवा संस्कृतिले शासक वर्गको सेवा

गर्दछ तथा सरकारी नीतिनियमलाई बिनाप्रतिरोध स्वीकार गर्नुपर्दछ भन्ने भावना जगाउँछ। समाजवादी व्यवस्थाको संस्कृतिमा कुनै व्यक्ति पूजा अथवा राजामहाराजाजस्ताको गुणगान गाउने गीत र सङ्गीतलाई कुनै ठाउँ हुँदैन। सस्तो र मनोरञ्जनका नाच र मानिसलाई भाग्यवादी र रहस्यवादी बनाउने कला, साहित्य पनि हुँदैनन्। समाजवादी व्यवस्थामा कला र साहित्यको सामाजिक जीवनलाई केन्द्रमा राखेका हुन्छन् र सामाजिक समस्यालाई कसरी हल गर्ने भन्ने स्पष्ट मार्गचित्र देखाइएको हुन्छ। मुख्य रूपमा उच्च प्रकारको कला र संस्कृतिमा जोड दिएर पुँजीवादी समाजमा हुने यस्ता सबै कुरूप र भ्रष्ट सांस्कृतिक अवशेषलाई अन्त्य गर्नु हुन्छ।

वास्तवमा समाजवादी संस्कृति उच्च प्रकारको नैतिकता र सौन्दर्यले भरिएको हुन्छ। कला र संस्कृति सर्वहारा वर्गीय संस्कारबाट प्रेरित हुन्छ। समाजवादी समाजको कला र संस्कृतिले श्रमिकको जीवन, उद्देश्य र आशा तथा जीवनको सङ्घर्षलाई उजागर गर्दछ। यसअन्तर्गत कवि, कलाकारले जनताका गीत गाउँछन् र नाटककारले सर्वहारा वर्गको नाटक लेख्छन्, जसले वर्गसङ्घर्षलाई झल्काउने काम गर्छन्। समाजवादी संस्कृति घोषित रूपमा शिक्षाप्रद हुन्छ। वर्गीय वास्तविकतालाई उच्च प्रकारले देखाउँछ।

## *समाजवादी समाजमा सर्वाङ्गीण विकास*

पुँजीवाद समाजमा शोषित र दलित वर्ग आफ्नो दैनिकी जीवन गुजाराको काममा यति पिसिएको हुन्छ कि ऊसँग कला र सङ्गीतसम्बन्धी सोच्ने र आनन्द लिने फुर्सद हुँदैन। तर समाजवादी संस्कृतिमा यो बाध्यताबाट सबैले मुक्ति पाएका हुन्छन्।

सामाजिक क्रान्तिले ल्याएका परिवर्तनले गर्दा कामदार वर्गको सृजनात्मक क्षमताको विकास हुन्छ र उनीहरूमा सबै प्रकारका असमानता र बेथितिको विरोधमा सङ्घर्ष गर्ने संस्कृति परिष्कृत हुँदै जान्छ। समाजवादी समाजमा कामदार तथा साहित्यको बिचमा गहिरो सम्बन्ध हुन्छ। सबै कामदारलाई किताब पढ्न उत्साहित गरिन्छ। विनाकिताबको जीवनको कुनै अर्थ रहँदैन भन्ने ज्ञान दिइन्छ। लेखक, साहित्यकारको साहित्य सृजनाका पछाडिको मुख्य उद्देश्य समाजलाई परिवर्तन गर्नु र कामदार वर्गलाई बढी भन्दा बढी सुशिक्षित गराउनु हुन्छ।

समाजवादी संस्कृतिका यस्तै पक्ष समेट्दै विद्वान् लेखक लेख्छन्– कुनै पनि सृजना सोद्देश्यमूलक हुन्छ। सर्जक र उसको सृजनाकर्म समाज व्यवस्थाअनुरूप नै हुन्छ। मार्क्स र एङ्गेल्सका अनुसार साहित्य र कला सामाजिक चेतनाको एउटा रूप भएको बुझिन्छ। आर्थिक, सामाजिक परिस्थितिअनुरूपको साहित्य सृजना हुन्छ। वर्गविभक्त समाजमा वर्गविशेषको विचार र राजनीतिबाट साहित्य प्रभावित हुन्छ। वर्गव्यवस्थाको परिवर्तनसँगै तिनको दृष्टिकोणमा परिवर्तन आउँछ। कलात्मक सृजनशीलता पनि समाज विकासकै नियममा आधारित हुन्छ (भण्डारी, २०७५, पृ. ४)। समाजवादी समाजवादको साहित्य र संस्कृति विद्यमान सामाजिक, आर्थिक अवस्थाहरूबाट उत्प्रेरित हुन्छ भन्ने तथ्य व्यवहार अनुभव गरिएको कुरा हो।

समाजवादी व्यवस्थामा मानवताबाट प्रभावित आम जनताको जीवनस्तर उकास्ने उद्देश्यले साहित्यिक रचना गरिन्छ। यस्तो साहित्य सामाजिक रूपमा संवेदनशीलता देखाउने साहित्य हुन्छ र जसप्रति आम कामदार वर्गको आकर्षण बढ्न जान्छ। यस सम्बन्धमा ब्रिटेनका प्रगतिवादी लेखक राल्फ फक्सको नाम लिन सकिन्छ, जो भन्ने गर्दथे – लेखक, कलाकारले विद्यमान समाजका समस्या देख्नमा आँखा बन्द गरेर लेख्नु भनेको सामाजिक उत्तरदायित्वलाई नकार्नु हो।

एक जना भारतीय लेखक पनि समाजवादी समाज के अर्थमा पुँजीवादी समाजभन्दा बेग्लै संस्कृति बोकेको हुन्छ भन्ने सम्बन्धमा लेख्छन्– पुँजीवादी व्यवस्था मानसिक असन्तुलन उत्पन्न गरेर मुर्ख, पागल, सन्की, हत्यारा तथा अनेक विकृतिका सिकार मानिस उत्पन्न गर्छ। हाम्रो देशमा तीनतीन चारचार वर्षका बालिकाको बलात्कार, दहेजका लागि स्त्रीलाई ज्युँदै जलाउने र मार्नेजस्ता विक्षिप्तताको प्रादुर्भाव पुँजीवादी व्यवस्थाको मानसिक असन्तुलन र विकृतिको नै प्रमाण हो। कम्युनिस्टहरू मानवीय परिवेश

सृजना गर्ने यस्ता मानव समाज निर्माण गर्न चाहन्छन्, जसले मानवीय गुणसम्पन्न स्वस्थ, सुसंस्कृत मानिस विकासको सम्भावना उत्पन्न गर्नेछ (सव्यसाँची, सन् १९८६, पृ. १७)। सव्यसाँचीले भनेझैँ अहिलेको पुँजीवादी समाजमा हाम्रै आँखा अगाडि भएका घटना हुन् । आफ्नै देश नेपालमा हामी दिनहुँजसो यस्ता विभत्स घटना भएको पाउँछौँ तै पनि पीडित पक्षले न्याय पाउन सकेको हुँदैन ।

समाजवादी संस्कृति वा सर्वहारावर्गीय संस्कृति वर्गसङ्घर्षबाट अभिप्रेरित हुन्छ र मुख्य उद्देश्य आजसम्म पुँजीवादी व्यवस्थाअन्तर्गत अनेकौँ थिचोमिचोमा परेका शोषितपीडित सबै कामदारलाई मुक्ति तथा स्वतन्त्रताको अनुभूति दिलाउनु हो।त्यही उद्देश्यप्राप्तिका लागि संस्कृति एउटा साधनको रूपमा काम गर्छ।

समग्रमा भन्दा समाजवादी व्यवस्थामा सबै शिक्षा र संस्कृति वर्गसङ्घर्षको लक्ष्यले निर्देशित हुन्छन्। मार्क्सवादी दृष्टिकोणअनुरूप सर्वहारावर्गीय संस्कृतिभन्दा भिन्दै कुनै विशेष प्रकारको संस्कृतिलाई पूरै अस्वीकार गरिन्छ । आत्मरति खडा गरिने कुनै सङ्घसंस्थाका लागि कुनै स्थान हुँदैन। मुख्य दर्शन भनेको मार्क्सवाद हुन्छ र सर्वहारावर्गीय संस्कृतिको विकास गर्नु सबै कामदार र आम जनताको कर्तव्य हुन जान्छ। त्यसैगरी शिक्षा, संस्कृति र सरकारका नीतिबिचमा तालमेल हुन्छ । पुँजीवादी समाजमा जस्तो राजनीति र शिक्षालाई अलग गर्नुपर्छ भन्ने पाखण्ड परित्याग गरिन्छ । पुँजीवादी समाजबाट समाजवादी समाजतर्फको रूपान्तरण धेरै संवेदनशील हुने हुँदा उच्च प्रकारको वर्गीय चेतनाले औद्योगिक कामदार वर्गलाई प्रशिक्षित गरी लौह अनुशासनलाई व्यवहारमा देखाई वैज्ञानिक समाजवादको बाटोमा आउने सबै बाधालाई चिर्ने गरिन्छ। समाजवादी संस्कृति र मार्क्सवादी सौन्दर्यशास्त्रको सन्दर्भमा एउटा भारतीय विद्वान् लेख्छन्– सौन्दर्यशास्त्रको सम्बन्ध सबै कलासँग हुन्छ। नयाँ मार्क्सवादी सौन्दर्यशास्त्रको रूपको चर्चा गर्ने बेलामा सबै कलालाई ध्यानमा राख्न आवश्यक हुन्छ (रोहितास्व, सन् १९९१, पृ. २३)। रोहितास्वले भनेझैँ पुँजीवादी समाजको संस्कृतिभन्दा समाजवादी समाजको संस्कृति उच्च प्रकारको हुन्छ तर यसो गर्दा पुँजीवादी समाजअन्तर्गतका राम्रा पक्षलाई भने ग्रहण गरिन्छ।

समाजवादी व्यवस्थाअन्तर्गत सबैले आआफ्नो क्षमताअनुसार काम गर्छन् र जसले सक्ने भएर पनि काम गर्दैनन्, उनीहरूले खाने छैनन् भन्ने सिद्धान्तलाई आत्मसात् गरिन्छ। सबैको सामाजिक उत्तरदायित्व रहन्छ र सामूहिकतामा विश्वास राख्दै एउटा सबैका लागि र सबै एउटाका लागि भन्ने भनाइलाई व्यवहारमा लागु गरिन्छ। इमानदारिता, चारित्रिक अखण्डता, नैतिक शुद्धता, सरलता तथा नम्रताजस्ता गुणहरू सामाजिक र व्यक्तिगत जीवनमा अनुशरण गरिन्छ। त्यसैगरी अन्यायप्रति सम्झौताहीन दृढता देखाउँदै विश्वकै सबै कामदारप्रति ऐक्यबद्धता देखाइन्छ।

## *निष्कर्ष*

लेखको विषय प्रवेशमै जिज्ञासा राखिएको थियो : किन आज एकातिर अथाह प्राकृतिक स्रोतसाधन मानवको सेवामा हुँदाहुँदै र आधुनिक प्रविधिको प्रयोगबाट सबैलाई खान पुग्ने खाद्यान्न उत्पादन गर्ने सामर्थ्य हुँदाहुँदै पनि हुनेखाने र हुँदा खानेको बिचमा बाँडिएको छ ? किन एकातिर करोडौँ जनसङ्ख्या भोकमरीबाट ग्रसित छ ? अर्कोतिर विशाल अन्नभण्डार सीमित व्यक्तिको पहुँचमा मात्र छ भन्ने अर्को प्रश्न थियो। लेखले यसको विश्लेषण गर्ने क्रममा विद्यमान असमान सामाजिक र आर्थिक सम्बन्ध र संरचनालाई मुख्य जिम्मेवार कारकको रूपमा देखाउन विभिन्न लेखक, समालोचक र चिन्तकका भनाइलाई उद्धृत गर्दै उठाइएका तर्कहरूले पुष्टि गरेको छ। अन्त्यमा अहिलेको पुँजीवादी व्यवस्थाले हिजो सामन्तवादसँगको लडाइँमा प्रगतिशील भूमिका खेलेको भए आजको अवस्थामा यो पतनमुखी व्यवस्था भएको छ र यसभित्रका अन्तरविरोधले यसको पतन अवश्यम्भावी छ भन्ने निष्कर्ष लेखको रहेको छ। पुँजीवादी व्यवस्थाको अन्त भएर अस्तित्वमा आउने वैज्ञानिक समाजवादले पुँजीवादका विकार र विकृतिलाई समाप्त गर्दै एउटा समतामूलक सभ्य समाजलाई जन्म दिनेछ भन्ने लेखको आसय छ। वैज्ञानिक समाजवाद आफैँमा पूर्ण लक्ष्य नभएर यो साम्यवादलाई प्राप्त गर्ने विज्ञान हो। यसअन्तर्गत उच्चतम् मानवीय संस्कृतिको विकास हुनेछ। मानिसको सामाजिक चेतना उन्नत हुनेछ। लेखबाट समाजमा

आपसी भाइचाराको सम्बन्ध कायम भएर 'एक सबैका लागि' र 'सबै एकका लागि' भन्ने भावनाले जग हाल्ने निष्कर्ष निकालिएको छ। पुँजीवादी व्यवस्थाको कुसंस्कार हटाई यसभित्रका असल पक्षलाई समाजवादी व्यवस्थामा पनि निरन्तरता दिइनेछ। संस्कृति र सांस्कृतिक सम्पदा विशेष वर्ग र व्यक्तिको सेवामा प्रयोग नभई आम जनताको सेवामा प्रयोग हुनेछन्। त्यस्तो समाजमा सबै मानिसमा उच्च प्रकारको सांस्कृतिक चेतना भएको हुने हुँदा अहिले देखिएका सबै विषमता र विसङ्गीतको अन्त्य हुनेछ भन्ने कुरा पनि निचोडको रूपमा देखाइएको छ।

## *सन्दर्भ सामग्रीसूची*


आचार्य, नारायणप्रसाद (२०७३). *पौरस्त्य दर्शनमा भौतिकवाद.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

आफनास्येभ, भिक्टर (सन् १९७७). *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान.* (अनु. राजेन्द्र मास्के). मास्को : प्रगति प्रकाशन।

एङ्गेल्स, फ्रेडरिक (सन् १९७९). *समाजवाद : समाजवाद काल्पनिक तथा वैज्ञानिक ?.* मस्को : प्रगति प्रकाशन।

गोकुलजी, राधामोहन (सन् १९७९). *ईश्वर, धर्म और अन्धविश्वास.* कानपुर : समाजवादी साहित्य सदन।

गौतम, देवी (२०४९). *प्रगतिवाद, परम्परा र मान्यता.* काठमाडौँ : मुना गौतम।

तुङ, माओत्से (सन् २००३). *दर्शनबारे पाँच कृति.* काठमाडौँ : पूर्णबहादुर एमए।

बराल, ऋषिराज (२०५२). *मार्क्सवाद र उत्तरआधुनिकतावाद.* विराटनगर : सबिता बराल।

भण्डारी, जगदीशचन्द्र (२०७५). *सौन्दर्यको अन्वीक्षण.* काठमाडौँ : मुन्नी भण्डारी।

मार्क्स, कार्ल र एङ्गेल्स, फ्रेडरिक (सन् १९७९). *कम्युनिस्ट पार्टीको घोषणापत्र.* मस्को : प्रगति प्रकाशन।

रोहितास्व (सन् १९९१०). *मार्क्सवादी सौन्दर्यशास्त्र की भूमिका.* नईदिल्ली : राधाकृष्ण प्रकाशन।

लेनिन, भ्ला.ई. (सन् १९६७). *कम्युनिस्ट नैतिकता.* (अनु. रमेश सिन्हा). लखनऊ : इन्डिया पब्लिशर्स।

लेनिन, भ्ला.ई. (सन् १९८४). *के गर्ने ?.* (अनु. राजेन्द्र मास्के). मस्को : प्रगति प्रकाशन।

लेनिन, भ्ला.ई. (सन् १९८६). *शान्तिपूर्ण सहअस्तित्व.* मस्को : प्रगति प्रकाशन।

वर्मा, जनेश्वर (२०५८). *मार्क्सवादको मूल सिद्धान्त.* (अनु. चन्द्रनरसिंह राजभण्डारी). काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन।

श्रेष्ठ, कृष्णदास (२०४२). *मार्क्सवादी चिनारी पुस्तकमाला.* काठमाठौँ : प्रगतिशील पुस्तक भण्डार।

श्रेष्ठ, माणिकलाल (सन् १९६८). *मानव समाजको मार्क्सवादी दृष्टिकोण.* काठमाडौँ : खोजी प्रकाशन गृह।

सव्यसाँची (सन् १९८६). *कम्युनिस्ट क्या चाहते हैं?.* मथुरा : युगान्तर प्रकाशन।

सव्यसाँची (सन् १९८४). *हिन्दी फिल्में.* मथुरा : युगान्तर प्रकाशन।

सांकृत्यायन, राहुल (सन् १९८५). *साम्यवाद ही क्यों ?.* इलाहावाद : किताब महल।

सिन्हा, अजितकुमार (सन् १९७३). *समकालीन दर्शन.* चण्डीगढ : हरियाण साहित्य अकादमी।

सुरजित, हरकिसन सिंह (सन् १९९०). *मार्क्सवादी दर्शन.* कानपुर : समाजवादी साहित्य सदन।

स्टालिन, जोसेफ (२०४७). *सर्वहारा समाजवाद.* (अनु. कृष्णदास श्रेष्ठ). काठमाडौँ : तुलारत्न तुलाधर।